# जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल (वाफेड)

हुलाक मन्जुषा २१२५, न्यूप्लाजामार्ग, पुतलीसडक, काठमाडौं
फोनः ४४२९७४१ याक्सः ४४१९६१०
ईमेलः wafed@ntc.net.np वेवसाइटः www.wafed-nepal.org

२०६५ मंसिर १३

प्रेस विज्ञप्ति

पञ्चेश्वर सप्तकोशी उच्च बाँध नेपाल भारत दुवै देशको हित विपरीत

जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल र राष्ट्रिय सरोकार समाजको आयोजनामा राजधानीमा *नेपालको जलसम्पदा र नेपाल भारतसम्बन्ध* विषयक छलफल कार्यक्रम सम्पन्न भयो ।

विकासविद हुतराम वैद्यको अध्यक्षता, नारायणप्रसाद पौडेलको सञ्चालन र रामचन्द्र चटौतको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा विश्वबाँध आयोगकी सदस्य एवं भारतको नर्मदा बचाओ आन्दोलनकी नेतृ मेधा पाटकरले गणतान्त्रिक नेपालमा नयाँ संविधान निर्माणको बहससँगै विकासको नयाँ बहस सञ्चालन गरेर उच्चबाँधले विकास हुन्छ भन्ने गलत धारणाको अन्त्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उच्चबाँधले विनास निम्त्याउछ भन्ने राम्रो उदाहरण सरकार निर्मित कोशीको विपत्तिले दुबै देशमा प्रमाणित गरिसकेको बताउनुहुँदै उहाले भन्नुभयो महिलालाई सोझो बनाउन घरभित्रै बाँधेर राख्ने हिजोको प्रथालाई आजका महिलाले आन्दोलन गरेर तोडेझैं नदीले पनि आफुलाई बाँधेको बन्धन तोडेको हो । बगेको नदीलाई छेक्दा अर्को विनास निम्तिन सक्छ, त्यसका लागि सतर्क हुनुपर्छ, बाँधले बाढी रोक्न सक्दैन, बु नुपर्छ । सप्तकोशी उच्चबाँध तथा पंचेश्वर आयोजना समेत नेपाल भारत दुवै देशको हितमा नभएकोले ती आयोजनाहरु अघि बढाउन नहुने उहाँको धारणा थियो । पानी बाडफाड सम्बन्धमा भारतभित्रै अन्तरराज्यीय द्वन्द्व चलिरहेको अवस्थामा भोलि नेपालमा उच्चबाँध बाँधी ती आयोजनाको पानी भारतको नदी जोड आयोजनाअन्तगर्त भारत लैजाने काम भए त्यसबाट नेपाल भारतबीच अरु द्वन्द्व अरु चर्किने दाबीसमेत उहाँले गर्नुभयो ।

नेपालको जलसम्पदामाथि भारतीय गलत धारणाको विरोध गर्दै श्री पाटकरले भारतले लाभलिन नेपाल डुबानमा पार्ने गरेको मात्रै होइन नर्मदा घाँटीमा बाँधबाधेर त्यहीका अढाईलाख भारतीयलाई डुबाउने धृष्टता गरेकाले बिगत २३ बर्षदेखि लडिरहनुपरेको बताउनु भएको थियो । उहाको थप भनाई थियो हामी अमेरिकी साम्राज्यवादको मात्र होइन, नेपालप्रति भारतीय साम्राज्यवादी नीतिको पनि विरोध गर्छौं । त्यसका लागि नेपाली जनतासँग हाम्रो सहकार्य जारी छ । नेपालको पानीमा पहिले यहीका जनताको अधिकार हुनुपर्छ, यही प्रयोग गरिनुपर्छ र बचेमात्र अरुले लिनसक्छन्, त्यसका लागि संसदको दुईतिहाई बहुमतले अनुमोदन गर्नुपर्ने नेपालको हिजोको संविधानको प्रावधान अब बन्ने संविधानमा समेत राखिनुपर्छ ।

कार्यक्रममा जल तथा ऊर्जा उपभोक्ता महासंघ, नेपालका अध्यक्ष रामचन्द्र चटौतले संघीय संरचनाको निर्माण नहुँदै नेपाल सरकारले नदीहरूमा उच्चबाँध बनाउने सन्धीसम्झौताहरू गरेर भावी प्रान्तीय संघीय राज्यको अधिकारमाथि हस्तक्षेप गर्न थालेकोमा आपत्ति प्रकट गर्नुभएको थियो ।

कार्यक्रममा बोल्नेक्रममा जलस्रोतविद अजय दीक्षितले नेपालका नदीमा अरुले बाँध बनाइदिएर हामीलाई बिजुली बेच्न दिएर धनी बनाइदिउन्, आफैंले केही गर्न नपरोस भन्ने सोचाइनै गलत रहेको बताउँदै त्यस्तै सोचाइले नेपालको राजनीतिमा प्रभाव पारेको बताउनुभएको थियो । उच्चबाँधका पक्षधरहरूलाई उहाको प्रश्न थियो ठूला बाँधले विकास हुने भए भारतका आदिवासीहरू किन पिछडिएका छन त ?

छलफल कार्यक्रममा पत्रकार सशी पोखेल र बुद्धिजीबी मनिस श्रेष्ठ लगायतले भारतको नदी जडान योजना, नेपालको पानी राजनीति आदिका बारेमा जिज्ञासा राख्नुभएको थियो ।

रतन भण्डारी

pdfMachine by Broadgun Software

संयोजक

pdfMachine by BroadGun Software